# बुटवल पावर कम्पनी लिमिटेड
## बुद्धनगर, वानेश्वर, काठमाण्डौ
### विषेश साधारण सभाको कार्यवाही तथा निर्णयहरुको पुस्तिका

**(क) पृष्ठभूमि:**

यस बुटवल पावर कम्पनी लिमिटेडको विशेष साधारण सभा मिति २०७३।३।२७ (तद्नुसार जुलाई ११, २०१६) सोमवारका दिनको ११:०० बजे कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, वानेश्वर,काठमाण्डौमा संचालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूको अध्यक्षतामा बस्यो ।

संचालक समितिका अध्यक्ष, सदस्यहरु, शेयरधनीहरु, कम्पनीका पदाधिकारीहरु तथा आमन्त्रित सवै महानुभावहरुको आसन ग्रहण पश्चात् अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले विशेष साधारण सभाको कार्यक्रम संचालन गर्नु भयो ।

**(१) सभा सम्बन्धी सूचना र प्रकाशन :**

विशेष साधारण सभाको सूचना र छलफल हुने विशेष प्रस्तावहरु सहित प्रस्तावहरुको सूची शेयरधनीहरुको जानकारीको लागि मिति २०७३।३।१० र मिति २०७३।३।१२ मा क्रमश: कारोवार राष्ट्रिय दैनिक तथा आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नुको साथै सो सूचना सहितका अन्य जानकारी कम्पनी तथा शेयर रजिष्ट्रार समक्ष सम्पर्क राखी प्राप्त गर्न सकिने व्यवस्था मिलाइएको थियो । साथै, सो सूचना शेयरधनीहरुको सुविधाको लागि कम्पनीको वेभ साईट www.bpc.com.np मा समेत हेर्न मिल्ने व्यवस्था गरिएको थियो । विशेष साधारण सभाका सम्बन्धमा यथासमयमै कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड तथा नेपाल स्टक एक्सचेन्ज लि.मा समेत जानकारी गराइएको थियो ।

**(२) उपस्थिति :**

**अ) संचालक समिति:**

| | |
|---|---|
| १. श्री पद्म ज्योति | अध्यक्ष |
| २. श्री प्रदीप कुमार श्रेष्ठ | संचालक |
| ३. श्री राजिव राजभण्डारी | संचालक |
| ४. श्री विजय कृष्ण श्रेष्ठ | संचालक |
| ५. श्री श्याम किशोर यादव | संचालक |
| ६. श्री चण्डी प्रसाद श्रेष्ठ | संचालक |
| ७. श्री दिवाकर बैद्य | स्वतन्त्र संचालक |
| ८. श्री हरि ब. बुढाथोकी | कम्पनी सचिव |

**आ) व्यवस्थापन:**

| | |
|---|---|
| १. श्री उत्तर कुमार श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री राधेश्याम श्रेष्ठ | भाईस प्रेसिडेण्ट, वित्त |
| ३. श्री टीकाराम भट्ट | भाईस प्रेसिडेण्ट, कर्पोरेट |
| ४. श्री प्रकाश कुमार श्रेष्ठ | प्रमुख, संचालन |
| ५. श्री रत्न शाक्य | चिफ म्यानेजर, वित्त |

**इ) शेयरधनीहरुः**

साधारण सभामा शेयर दाखिल खारेज बन्द हुँदाको मितिमा कायम २,५६८ शेयरधनीहरु मध्ये ९७ जना (संस्थागत शेयरधनी तथा प्रतिनिधि समेत) शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

## (ख) गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्वः

| विवरण | जम्मा संख्या | उपस्थिति संख्या | % उपस्थिति |
|---|---|---|---|
| कम्पनीको शेयर कित्ता | १,६७,३२,२२७ कित्ता | १,४२,४४,३०३ कित्ता | ८५.१३ |
| कम्पनीको शेयरधनीहरु | २,५६८ जना | ९७ जना | ३.७७ |

## (ग) सभाको वैधानिकताः

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ अनुसार विशेष साधारण सभा संचालन गर्नको लागि निर्दिष्ट गणपूरक संख्या पुगेको जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग्नु भयो । शेयरधनीहरुको कम्पनीको विशेष साधारण सभाको लागि आवश्यक गणपूरक संख्या पुगेको र सभा रितपूर्वक बोलाईएको ठहर गरी विधिवत् रुपमा साधारण सभाको कार्यवाही अगाडि बढाउने निर्णय गर्‍यो ।

## (घ) प्रस्तावहरुः

कम्पनी सचिवले विशेष साधारण सभाका प्रस्तावहरु देहाय वमोजिम रहेको जानकारी गराउनु भयो ।

१. कम्पनीको हाल कायम जारी पूँजी रु १,७०,००,००,०००।- बाट बृद्धि गरी रु २,००,००,००,०००।- पुर्‍याउने र सो प्रयोजनका लागि कम्पनीको प्रवन्धपत्रको दफा ५ (ख) मा संशोधन गर्ने विशेष प्रस्ताव ।

२. कम्पनीले विकास/निर्माण गर्दै गरेका आयोजनाहरुमा लगानीका निमित्त आवश्यक रकम जुटाउनको लागि ३०,००,००० कित्ता शेयरहरु प्रिमियम मूल्यमा सो प्रिमियम मूल्य संचालक समितिले निर्धारण गर्ने गरी नयाँ निष्काशन (FPO) गर्ने र सो समेतको प्रयोजनका लागि संचालक समितिको संख्यामा हेरफेर सहित कम्पनीको नियमावलीको नियम ७(ख) र नियम १६ (क) (ख) (ग) मा संशोधन गर्ने विशेष प्रस्ताव ।

३. विविध

साथै, शेयरधनी श्री सन्तोष कुमार प्रधानले मिति २०७१।३।१५ गते कम्पनी सचिव मार्फत नयाँ निष्काशन गर्दा सर्वसाधारण शेयरधनीहरुको समूह ग को शेयर हिस्सा कम्पनीको जारी पूँजीको ३० प्रतिशत कायम हुन आउने गरी नयाँ निष्काशन गर्न तथा सो प्रयोजनका लागि आवश्यक जारी पूँजी बृद्धि गरी कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी पाउँ भनी पेश गर्नु भएको प्रस्ताव समेत जानकारी गराउनु भयो । सभाले शेयरधनी श्री सन्तोष कुमार प्रधानले पेश गर्नु भएको प्रस्तावलाई संचालक समितिले प्रस्तुत गरेको विविध शिर्षक अर्न्तगत ग्रहण गर्दै पेश भएका सबै प्रस्तावहरुलाई छलफल तथा निर्णयका लागि सर्वसम्मतिवाट स्वीकृत गर्‍यो ।

## (ङ) प्रस्तावहरु उपरको छलफलः

विशेष साधारण सभामा पेश भएका प्रस्तावहरु उपर छलफलमा भाग लिन शेयरधनीहरुलाई अनुरोध गर्ने क्रममा संक्षिप्त मन्तव्य राख्दै अध्यक्षज्यूले कम्पनीको जारी पूँजी बृद्धि गरी नयाँ निष्काशन (Further Public Offering) का माध्यमवाट प्रिमियम मूल्यमा शेयरहरु जारी गरी कम्पनीले निर्माण गर्दै गरेका जलविद्युत आयोजनाहरुमा लगानी गर्नका लागि आवश्यक रकम जुटाउनका निमित्त यो विशेष

साधारण सभा बोलाइएको स्पष्ट पार्नु भयो । हाल कम्पनीले विकास तथा निर्माण गर्दै गरेका विभिन्न जलविद्युत आयोजनाहरुमा ३० मेगावाटको न्यादी जलविद्युत आयोजना तथा ३७.६ मेगावाटको कावेली ए जलविद्युत आयोजनाको उत्पादन अनुमतिपत्र प्राप्त भई वित्तिय व्यवस्थापनको कार्य समेत सम्पन्न भई निर्माणको चरणमा प्रवेश गर्दै गरेका, १०० मेगावाटको मनाङ मर्स्याङदी जलविद्युत आयोजना उत्पादन अनुमतिपत्र लिन तथा विद्युत खरिद बिक्री सम्झौता गर्ने चरणमा रहेको, र ८.५ मेगावाटको चिनोखोला साना जलविद्युत आयोजनाको संभाव्यता अध्ययनको कार्य सम्पन्न भएको जानकारी गराउनु भयो । सो आयोजनाहरुमा कम्पनीको लगानी करीव तीन अरव अठ्चालिस करोड सत्तरी लाख रुपैयाँ हुने अनुमान गरिएको हुँदा सो लगानी व्यवस्थानका लागि नयाँ शेयर निष्काशनले सहयोग पुग्ने र सो पश्चात् आवश्यक पर्ने लगानी रकमका सम्बन्धमा संचालक समितिले उपयुक्त उपाय अवलम्वन गरी आगामी दिनहरुमा शेयरधनीहरुलाई जानकारी गराइनेछ भन्नु भयो । संचालक समितिले योग्य मुल्यांकनकर्ता नियुक्त गरी निजको सिफारिस तथा नेपाल धितोपत्र बोर्डको अनुमति लिएर प्रिमियम मूल्य निर्धारण गरिने छ भन्नु भयो । नयाँ निष्काशनवाट कम्पनीको पूँजी जुटाउने कार्यमा महत्वपूर्ण योगदान पुग्ने मात्र नभएर सर्वसाधारण शेयरधनीहरुको तर्फको हिस्सा बढ्न गई पूँजी वजारमा समेत यसको सकारात्मक प्रभाव पर्नेछ अपेक्षा रहेको व्यहोरा जानकारी गराउनु भयो । साथै, यसै सभामा संचालक समितिलाई अझै चुस्त दुरुस्त बनाउनका लागि संरचनागत परिवर्तन समेत प्रस्ताव गरिएको छ । जस अनुसार संचालक समितिमा समूह क वाट १ जना संचालक, समूह ख जसले बहुमत शेयर लिएको छ, सो समूहवाट बहुमत संचालककहरु प्रतिनिधित्व हुने गरी ४ जना संचालककहरु तथा समूह ग वाट १ जना संचालक र कम्पनी ऐन वमोजिम नियुक्त हुने स्वातन्त्र संचालक सहित सात जनाको संचालक समिति गठन गर्ने प्रस्ताव गरिएको छ । यस संशोधन प्रस्ताववाट हाल समूह ख वाट नियूक्त हुँदै आएको ५ जना संचालकको सट्टा ४ जना संचालककहरु मात्र नियूक्त हुने व्यवस्था प्रस्ताव गरिएको हुँदा यस सम्बन्धमा समूह ख का शेयरधनीहरु तथा अन्य समूहका शेयरधनीहरु सबैको साथ र सहयोग हुनेछ भनी विश्वास व्यक्त गर्नु भयो । सोही सन्दर्भमा शेयरधनी सन्तोष कुमार श्रेष्ठले छलफलका लागि पेश गर्नु भएको प्रस्तावका विशेष साधारण सभाको सूचना प्रकाशित भएपछि आँधिखोला जलविद्युत केन्द्र तथा झिमरुक जलविद्युत केन्द्रका स्थानीय प्रभावित गा.वि.स.का जनताहरुवाट नयाँ निष्काशन हुने शेयरहरु खरिद गर्नका लागि प्राथमिकता दिनका निमित्त अनुरोधहरु प्राप्त भएको र सो सम्बन्धमा संचालक समितिमा छलफल हुँदा नयाँ निष्काशन हुने कुल शेयरहरुको पाँच प्रतिशत सम्म स्थानीय प्रभावित गा.वि.स.का जनताहरुलाई दिन उपयुक्त हुने राय रहेको व्यहोरा समेत सभालाई अवगत गराउनु भयो । त्यसैगरी सभाध्यक्षले खास प्रस्तावहरु पारित गर्नका लागि विशेष साधारण सभा बोलाइएको र यस आर्थिक वर्षको तेश्रो त्रैमासिक प्रतिवेदन प्रकाशित समेत भई सकेको सन्दर्भ रहेको हुँदा कम्पनीको कार्य संपादनका सम्बन्धमा पछि वार्षिक साधारण सभामा विस्तृतमा जानकारी गराइने व्यहोरा अवगत गराउनु भयो । तेश्रो त्रैमासिक प्रतिवेदन प्रकाशित भएपछि हालै विद्युत महशुल निर्धारण आयोगवाट कम्पनीको विद्युत महशुलको संरचनामा परिवर्तन गर्न तथा महशुल दर बृद्धि गर्नका लागि अनुमति प्राप्त भएको हुँदा वितरण व्यवसायमा कम्पनीले बर्षै पिच्छे बेहोर्दै आएको नोक्सानी आगामी आर्थिक वर्षहरुमा कम गर्नका लागि सहयोग पुग्ने अपेक्षा गरिएको जानकारी गराउँदै प्रस्तुत भएका प्रस्तावहरु उपर छलफलको प्रक्रियालाई अगाडि बढाउन कम्पनी सचिवलाई अनुरोध गर्नु भयो ।

सभाध्यक्षको अनुमतिले कम्पनी सचिवले प्रस्तावहरु उपरको छलफलको प्रक्रियालाई अगाडि बढाउनु भयो । छलफलको क्रममा शेयरधनीहरु श्री अमृत नाथ रेग्मी, श्री उद्धव प्रसाद घिमिरे, श्री डम्मरु बल्लभ घिमिरे, श्री उमेश भट्टराई, श्री अमिर दास रंजित, श्री चन्द्र नारायण श्रेष्ठ र श्री सन्तोष कुमार प्रधानले निम्न राय, प्रतिकृया तथा सुझावहरु राख्नु भएको थियो ।

१.	श्री अमृत नाथ रेग्मी: नयाँ निष्काशनको प्रिमियम मूल्य निर्धारण गर्दा मूल्य निर्धारण विधिका सम्बन्धमा धितोपत्र बोर्डको सैद्धान्तिक स्वीकृति लिएर अघि बढ्ने तर्फ ध्यान दिन अनुरोध गर्नु भयो । बुटवल पावर कम्पनी होल्डिङ कम्पनीकोरुपमा रहेको हुँदा होल्डिङ कम्पनीकोरुपमा यसको थप विकासका लागि अध्ययन गरेर अघि बढ्न सुझाव दिनु भयो । कम्पनीले संचालन गरिरहेको विद्युत केन्द्र आसपासका गा.वि.स.हरुका स्थानीय प्रभावित जनताहरुलाई तथा कम्पनीमा कार्यरत कर्मचारीहरुलाई नयाँ निष्काशनका शेयर छुट्टाएर प्राथमिकता दिनु सबैको हितमा रहेको हुँदा प्रस्तुत भएका प्रस्तावहरु उपर निर्णय गर्दा सो तर्फ समेत ध्यान दिएर निर्णय गर्नु पर्ने विचार व्यक्त गर्नु भयो ।

२.	श्री उद्धव प्रसाद घिमिरे: कम्पनीलाई बढी फाईदा हुने गरी नयाँ निष्काशनको मूल्य निर्धारण गर्न सुझाव दिंदै नयाँ जलविद्युत आयोजनाहरुमा लगानी बढाउँदै लैजानु पर्ने विचार व्यक्ति गर्नु भयो ।

३.	श्री डम्मरु बल्लभ घिमिरे: कम्पनीले नयाँ निष्काशन गर्न लागेको स्वागतयोग्य रहेको र सर्वसाधारण तर्फको हिस्सा तीस प्रतिशत पुऱ्याउने गरी शेयरधनीवाट पेश भएको प्रस्ताव स्वागतयोग्य रहेको विचार व्यक्त गर्नु भयो । नयाँ निष्काशनको प्रक्रियालाई यथाशक्य छिटो सम्पन्न गर्नका लागि सुझाव दिनु भयो ।

४.	श्री उमेश भट्टराई: कम्पनीले संचालन गरेका विद्युत केन्द्रहरु आसपासका प्रभावित गा.वि.स.का स्थानीयहरुलाई शेयर छुट्टाउने सम्बन्धमा संचालक समितिको राय स्वागत योग्य रहेको भन्दै नयाँ निष्काशन गर्ने शेयरहरुको दश प्रतिशत सम्म प्रभावित गा.वि.स.का स्थानीयहरुलाई छुट्टाउन तर्फ सुझाव दिनु भयो । साथै, कम्पनीका कर्मचारीलाई समेत नयाँ निष्काशनमा प्राथमिकता दिनु उपयुक्त हुने धारणा व्यक्त गर्नु भयो ।

५.	अमिर दास रंजित: विशेष साधारण सभा नयाँ निष्काशनका विषयमा छलफल तथा निर्णयका लागि बोलाइएको भएपनि पछिल्लो वित्तिय अवस्थाका सम्बन्धमा अतिरिक्त जानकारी गराउनु भएको भए अझै राम्रो हुने थियो भन्ने विचार व्यक्त गर्दै प्रिमियम मूल्यमा नयाँ निष्काशन गर्ने गरी तथा सर्वसाधारण शेयरधनीहरुको समूह तर्फको हिस्सा तीस प्रतिशत सम्म पुऱ्याउने गरी प्रस्ताव पेश हुन आएको स्वागतयोग्य रहेको धारणा राख्नु भयो । साथै, संचालक समितिको पूनःसंरचना गर्नु उपयुक्त हुने विचार व्यक्त गर्नु भयो ।

६.	श्री चन्द्र नारायण श्रेष्ठ: नयाँ निष्काशन मार्फत निष्काशन गरिने शेयरको मूल्य निर्धारण गरेरै जान सक्ने अवस्था भए अझै राम्रो हुने विचार व्यक्त गर्नु भयो ।

७.	श्री सन्तोष कुमार श्रेष्ठ: मिति २०७३।३।१५ मा कम्पनी सचिव मार्फत पेश गरिएको प्रस्तावका सम्बन्धमा थप स्पष्ट पार्दै धितोपत्र दर्ता तथा निष्काशन नियमावलीको नियम ७(२) अनुसार हुने गरी सर्वसाधारण शेयरधनीहरुको समूह तर्फ तीस प्रतिशत शेयर हिस्सा हुनु पर्ने मत राख्दै नयाँ निष्काशन हुने शेयरको पाँच प्रतिशत सम्म कम्पनीले संचालन गरेका विद्युत केन्द्रहरुका प्रभावित गा.वि.स.हरुका स्थानीय जनाताहरुलाई प्राथमिकता दिनु पर्ने र नयाँ निष्काशन हुने शेयरहरुको मुल्य सबैलाई समान हुनु पर्ने विचार व्यक्त गर्नु भयो । साथै, आफूले पेश गरेको प्रस्ताव अनुसार कम्पनीको जारी पूँजी बृद्धि गरी रु. २,१०,०२,२५,७००।०० पुऱ्याउनु पर्ने र नयाँ निष्काशन गर्ने शेयरहरुको संख्या ४०,८१,१०० हुनु पर्ने स्पष्ट पार्दै सोही अनुसार निर्णय हुने विश्वास व्यक्त गर्नु भयो ।

शेयरधनीहरुको राय, प्रतिकृया तथा सुझावहरु राख्ने कार्य सम्पन्न भए पछि शेयरधनीले उठाएका जिज्ञासाहरु उपर संचालक समितिको तर्फवाट भनाई राखिदिन कम्पनी सचिवले अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले शेयरधनीहरुले प्रस्तुत गर्नु भएका सुझावका लागि धन्यवाद दिनु भयो । नयाँ निष्काशन गरिने शेयरको प्रिमियम मूल्य निर्धारण सम्बन्धमा सभाबाटनै निर्धारण गर्न सकिने अवस्था नरहेको हुँदा सो मूल्य निर्धारण गर्नका लागि शेयरधनीहरुले संचालक समितिलाई जिम्मेवारी सुम्पनु हुनेछ भन्ने विश्वास व्यक्त गर्नु भयो । संचालक समितिमा प्रस्ताव गरिएको संशोधनले हाल कायम समूह ख का शेयरधनीहरुले १ सिट गुमाउनु पर्ने गरी हेरफेरको प्रस्ताव गरिएको र सो पश्चात् कायम हुने संचालक समितिको संरचना चुस्त दुरुस्त हुने र प्रभावकारीरुपमा कम्पनीको कार्य संपादन गर्न अझ मद्दत पुग्ने भएको हुँदा शेयरधनीहरुले सो प्रस्तावलाई सहर्ष स्वीकार गरी पारित गर्नु हुनेछ भन्ने विश्वसा समेत व्यक्त गर्नु भयो । त्यसै गरी कम्पनीका विद्युत केन्द्रहरु आसपासका प्रभावित गा.वि.स.हरुका जनतालाई शेयरमा प्राथमिकता दिनु पर्दछ भन्ने सम्बन्धमा संचालक समिति सकारात्मक रहेको कुरा प्रारम्भमानै उल्लेख गरेको स्मरण गराउँदै यस सम्बन्धमा धितोपत्र सम्बन्धी कानून अनुसार मिल्ने भए सोही अनुसार गर्न सकिने र यस सम्बन्धमा शेयरधनीज्यूहरुवाट यसै सभामा हुने निर्णय अनुसार गरिने स्पष्ट पार्नु भयो ।

सभाध्यक्षको अनुमतिले कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री उत्तर कुमार श्रेष्ठले कम्पनीको यसवर्षको नाफा गत आर्थिक वर्षको तुलनामा बढेको जानकारी गराउनु भयो । साथै, संचालक समितिले तीस लाख कित्ता शेयरहरु नयाँ निष्काशन गर्न प्रस्ताव गरेको धितोपत्र दर्ता तथा निष्काशन नियमावलीको नियम ११ अनुसार गर्नु पर्ने भएवाट शेयरधनी श्री सन्तोष कुमार प्रधानले उल्लेख गर्नु भएको उक्त नियमावलीको नियम ७(२) को व्यवस्था लागु हुने वा नहुने सम्बन्धमा स्पष्ट भई सो अनुसार गर्नु पर्ने भएमा मात्र सर्वसाधारण शेयरधनीहरुको समूहको हिस्सा जारी पूँजीको तीस प्रतिशत कायम हुने गरी आवश्यक संख्यामा शेयरहरु नयाँ निष्काशन गर्नु उपयुक्त हुनेछ भन्नु भयो ।

शेयरधनीहरुवाट उठाइएका जिज्ञासा तथा प्रश्नहरुका सम्वन्धमा अध्यक्षज्यू तथा प्रमुख कार्यकारी अधिकृतज्यूवाट स्पष्ट पार्ने कार्य सम्पन्न भए पश्चात् अध्यक्षज्यूवाट माथी खण्ड घ मा उल्लेखि भएका प्रस्तावहरु तथा शेयरधनीहरुवाट व्यक्त भएका राय सुझावहरुलाई समेत समेटी निर्णय गर्नका लागि शेयरधनीहरुलाई अनुरोध गर्नु भयो ।

## (च) <u>निर्णयहरुः</u>

सभाध्यक्षको अनुरोध अनुसार शेयरधनीहरुवाट देहाय वमोजिम निर्णयहरु भए ।

**<u>प्रस्ताव नं.१:</u>** कम्पनीको हाल कायम जारी पूँजी रु १,७०,००,००,०००।- बाट बृद्धि गरी रु २,००,००,००,०००।- पुऱ्याउने र सो प्रयोजनका लागि कम्पनीको प्रवन्धपत्रको दफा ५ (ख) मा संशोधन गर्ने विशेष प्रस्तावः

**<u>निर्णय नं. १:</u>** प्रस्ताव १ मा उल्लेखित विशेष प्रस्तावका सम्बन्धमा, कम्पनीको हाल कायम जारी पूँजी रु. १,७०,००,००,००० लाई बृद्धि गरी रु.२,१०,०२,२५,७०० पुऱ्याउने र सो प्रयोजनका लागि कम्पनीको प्रवन्धपत्रको दफा ५(ख) मा संशोधन गर्ने सर्वसम्मतीले पारित गर्ने निर्णय भयो । यस निर्णय वमोजिम पारित तीन महले प्रस्ताव तथा संशोधित व्यवस्था यसै निर्णयको अनुसूची १ मा संलग्न रहेको छ ।

**<u>प्रस्ताव नं.२:</u>** कम्पनीले विकास/निर्माण गर्दै गरेका आयोजनाहरुमा लगानीका निमित्त आवश्यक रकम जुटाउनको लागि ३०,००,००० कित्ता शेयरहरु प्रिमियम मूल्यमा सो प्रिमियम मूल्य संचालक समितिले

निर्धारण गर्ने गरी नयाँ निष्काशन (FPO) गर्ने र सो समेतको प्रयोजनका लागि संचालक समितिको संख्यामा हेरफेर सहित कम्पनीको नियमावलीको नियम ७(ख) र नियम १६ (क) (ख) (ग) मा संशोधन गर्ने विशेष प्रस्ताव ।

**निर्णय नं. २:** प्रस्ताव २ मा उल्लेखित विशेष प्रस्तावका सम्बन्धमा, कम्पनीले विकास/निर्माण गर्दै गरेका आयोजनाहरुमा लगानीका निमित्त आवश्यक रकम जुटाउनको लागि (क) कम्पनीका प्रति शेयर रु. १०० दरका ३०,००,००० कित्ता शेयरहरु नयाँ निष्काशन गर्ने र सो क्रममा नयाँ निष्काशन गर्नु पर्ने शेयर संख्या थप गर्न उपयुक्त लागेमा वा धितोपत्र सम्बन्धी प्रचलित कानून वमोजिम थप गर्नु पर्ने भएमा सो नयाँ निष्काशन गर्ने शेयरहरुको संख्या बढाई निर्णय नं. १ वमोजिम कायम हुने आउने जारी पूँजीको ३० प्रतिशत शेयर हिस्सा सर्वसाधारण तर्फको शेयरधनीहरुको समूह ग को कायम हुने गरी कुल ४०,८१,००० कित्ता शेयरहरु प्रिमियम मूल्यमा नयाँ निष्काशन गर्ने, (ख) नयाँ निष्काशन हुने शेयर संख्याको पाँच प्रतिशत शेयरहरु कम्पनीको आँधिखोला जलविद्युत केन्द्र तथा झिमरुक जलविद्युत केन्द्र आसपासका प्रभावित साविकका १३ गा.वि.स.हरुका स्थानीय जनताले खरिद गर्न पाउने गरी सुरक्षित गर्ने र सो सम्बन्धमा धितोपत्र सम्बन्धी कानून अनुसार हेरफेर गर्नु पर्ने भएमा सो गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने, (ग) नयाँ निष्काशन हुने शेयरहरुको प्रतिशेयर प्रिमियम सहितको मूल्य निर्धारण गर्नका लागि समेत संचालक समितिलाई अख्तियारी दिने, र (घ) सो समेतको प्रयोजनका लागि संचालक समितिको संख्यामा हेरफेर सहित कम्पनीको नियमावलीको नियम ७(ख) र नियम १६ (क) (ख) (ग) मा संशोधन गर्ने सर्वसम्मतीले पारित गर्ने निर्णय भयो । यस निर्णय वमोजिम पारित तीन महले प्रस्ताव तथा संशोधित व्यवस्था यसै निर्णयको अनुसूची २ मा संलग्न रहेको छ । साथै, उल्लेखित निर्णय अनुसार कायम प्रवन्धपत्र तथा नियमावलीको संशोधित व्यवस्था श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख गर्ने र सो क्रममा नयाँ निष्काशनको लागि आवश्यक तथा पुरक हुने गरी कुनै संशोधन गर्नु पर्ने वा परिमार्जन गर्नु पर्ने भएमा सो समेतको कार्य गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने निर्णय भयो ।

**प्रस्ताव नं.३: विविध:** नयाँ निष्काशन गर्दा सर्वसाधारण शेयरधनीहरुको समूह ग तर्फको हिस्सा कम्पनीको जारी पूँजीको ३० प्रतिशत कायम हुन आउने गरी नयाँ निष्काशन गर्न तथा सो प्रयोजनका लागि आवश्यक जारी पूँजी बृद्धि गरी कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधनको लागि शेयरधनी श्री सन्तोष कुमार श्रेष्ठले पेश गर्नु भएको प्रस्ताव ।

**निर्णय नं. ३:** प्रस्ताव २ मा उल्लेखित प्रस्तावमा उल्लेखित विषयहरुका सम्बन्धमा, माथी निर्णय नं. १ र निर्णय नं. २ मा निर्णयहरु भईसकेको हुँदा यस शिर्षक अर्न्तगत कुनै थप निर्णय गर्नु नपर्ने निर्णय सर्वसम्मतिले भयो ।

## (छ) सभा विसर्जन:

विषेश साधारण सभामा प्रस्तुत प्रस्तावहरु उपर छलफल तथा निर्णय सम्पन्न भएको हुँदा सभाध्यक्षज्यूले विशेष साधारण सभामा सहभागी भई सभालाई सूचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुऱ्याउने सबै शेयरधनीहरु, संचालक समितिका सहकर्मि सदस्यहरु, व्यवस्थापक तथा कर्मचारीहरु, शेयर रजिष्ट्रार, आमन्त्रित व्यक्तित्वहरु तथा संचारकर्मीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दै विशेष साधारण सभा बिसर्जन भएको घोषणा गर्नु भयो । साधारण सभा दिनको १२.४५ वजे विसर्जन भएको थियो ।

| | |
|---|---|
| (हरि ब.बुढाथोकी)<br>कम्पनी सचिव | (पद्म ज्योति)<br>अध्यक्ष |

**बुटवल पावर कम्पनी लि.**
**प्रवन्धपत्रको दफा ५(ख) मा संशोधन**

१. **प्रबन्धपत्रको दफा ५(ख) लाई संशोधन गरी देहाय वमोजिम दफा ५(ख) राख्नेः**
"५. कम्पनीको शेयर पूँजीः
(ख) कम्पनीको जारी पूँजी रु. २,१०,०२,२५,७०० (दुई अरब दश करोड दुई लाख पच्चिस हजार सात सय रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १०० का दरका २,१०,०२,२५७ कित्ता साधारण शेयरमा विभाजन गरिनेछ ।"

**बुटवल पावर कम्पनी लि.**
**नियमावलीको नियम ७(ख) र नियम १६(क)(ख)(ग) मा संशोधन**

१. **नियमावलीको नियम ७(ख) को व्यवस्था हटाइएको ।**

२. **नियमावलीको नियम १६(क)(ख)(ग) मा संशोधन गरी देहाय वमोजिम नियम १६(क)(ख)(ग) राख्ने:**

"१६. संचालक समितिको गठन, संख्या र कार्यकाल:

(क) कम्पनीको कार्य संचालनको निमित्त एक जना स्वतन्त्र संचालक सहित देहाय वमोजिम प्रतिनिधित्व हुने गरी सात जना संचालकहरु रहेको एक संचालक समिति हुनेछ ।

(अ) नेपाल सरकार, यूनाईटेड मिसन टु नेपाल, नेपाल विद्युत प्राधिकरण, एनआईडिसी डेभलपमेन्ट बैंक र अन्य संस्थापकहरु रहेको "समूह क" वाट एक जना संचालक ।

(आ) सांग्रिला इनर्जि लि. र आईकेएन नेपाल एएस तथा सोबाट शेयर खरिद गर्ने शेयरधनीहरु रहेको "समूह ख" वाट चार जना संचालकहरु ।

(इ) सर्वसाधारण शेयरधनीहरु तथा कर्मचारीहरु रहेको "समूह ग" वाट एक जना संचालक, र

(ई) एक जना स्वतन्त्र संचालक ।

(ख) संचालकहरुको नियूक्ति शेयरधनीहरुको साधारण सभावाट हुनेछ । संचालक समितिले संचालकको निर्वाचन गर्नका लागि निर्वाचन निर्देशिका बनाउन सक्नेछ ।

(ग) उपनियम (ख)मा जुनसुकै कुरा उल्लेख भएपनि समूह क मा नेपाल सरकारको सबै भन्दा ठुलो हिस्सा शेयर कायम रहेसम्म सो समूहको प्रतिनिधित्व गर्ने संचालकहरुको मनोनयन गर्ने अधिकार नेपाल सरकारलाई हुनेछ र र सांग्रिला इनर्जि लि.को चुक्ता पूँजीको ५१% शेयर कायम रहे सम्म समूह ख को तर्फवाट प्रतिनिधित्व गर्ने संचालकहरुको मनोनयन गर्ने अधिकार सांग्रिला इनर्जि लि.लाई हुनेछ ।"